प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

गण्डकी प्रदेश

(बैठक तथा प्रशासन शाखा)

पत्र संख्या :- २०७८/०७९
चलानी नं. :- ४०९

पोखरा,
नेपाल।

मिति- २०७८।०५।२७

**विषय: JDS अध्ययन/छात्रवृत्तिमा मनोनयनका लागि सिफारिस गरी पठाउने सम्बन्धमा।**

श्री सबै मन्त्रालय,
श्री प्रदेश सभा सचिवालय,
श्री प्रदेश नीति तथा योजना आयोग,
श्री मुख्य न्यायाधिवक्ताको कार्यालय,
श्री प्रदेश लोक सेवा आयोग,
श्री गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान,
गण्डकी प्रदेश, पोखरा।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको च.नं. प्रा.स./४२१/१३०० मिति २०७८।०५।२५ को पत्रसाथ प्राप्त JDS अध्ययन/छात्रवृत्तिमा मनोनयन सम्बन्धी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. ७० मिति २०७८।०५।२० को पत्र तथा अन्य कागजात यसैसाथ संलग्न छ। संलग्न पत्रानुसारको योग्यता पुगेका तहाँ निकाय मातहतका निजामती कर्मचारीलाई अध्ययन/छात्रवृत्ति कार्यक्रममा मनोनयन गरी पठाउन निजको वैयक्तिक विवरण फारम समेत भरी सिफारिस साथ मिति २०७८।०६।१० गतेभित्र यस कार्यालयमा आइपुग्ने गरी पठाइदिनु हुन आदेशानुसार अनुरोध छ।

(रामप्रसाद पौडेल)
शाखा अधिकृत

वोधार्थ:
श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
(प्रादेशिक समन्वय शाखा), सिंहदरबार, काठमाडौं।

नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

(प्रादेशिक समन्वय शाखा)

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या : ०७८-७९
च.नं. : प्रा.स./४२१/१२००

मिति :-२०७८/०५/२५

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश नं.१, विराटनगर ।
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश नं.२, जनकपुर ।
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, बागमती प्रदेश, हेटौडा ।
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेश, पोखरा ।
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, लुम्बिनी प्रदेश, मुकाम बुटवल ।
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश , वीरेन्द्रनगर ।
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सुदुरपश्चिम प्रदेश , धनगढी ।

दर्ता नं: ४३०
मिति: २०७८/५/२६
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, पोखरा

**विषय : JDS (2022) छात्रवृत्तिमा कर्मचारी मनोनयन गर्ने सम्बन्धमा ।**

उपयुक्त विषयमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं.७० मिति २०७८/०५/२० को पत्र तथा Japan Development Service Company, Ltd को मिति २०७८/०५/२३ को प्राप्त पत्रको प्रतिलिपी यसैसाथ संलग्न छ । विस्तृत व्यहोरा सोही पत्रबाट अवगत गर्नुभई आवश्यक कार्यार्थ पठाइएको व्यहोरा अनुरोध छ ।

(चक्रपाणि शर्मा)
उपसचिव

**बोधार्थ:-**

Japan Development Service Company, Ltd
थापाथली, काठमाडौं ।

श्री बैंक तथा प्रशासन शाखा
सबै मन्त्रालय/आयोग मा
प्रचार प्रसारमा गरी, सबैलाई अवसर दिने
कार्य गर्नु
२६

टेलिफोन : ४९७१०००, ४९७१००१, ४९७१०२५, ४९७१०१४, पो.ब.नं.: २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np
वेब साइट : http://www.opmcm.gov.np

JDS Japan Development Service Co., Ltd.
Regus, Ground Floor, Trade Tower
Thapathali, Kathmandu, Nepal
Phone: +977-9823575703
Email: jdsnepal-1@jds21.com

मिति: २३ भाद्र २०७८

श्रीमान् महाशाखा प्रमुख ज्यू,
प्रादेशीक समन्वय तथा योजना महाशाखा
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं ।

विषय : आवश्यक समन्वय गरि दिने बारे ।

महोदय,

उपरोक्त विषयमा जापान सरकारको सहयोगमा सञ्चालीत यस JDS Scholarship Program मा आगामी शैक्षिक सत्र २०२२ देखि छात्रवृत्तीमा Master's Degree तथा Doctoral Degree अध्ययनका लागि भर्ना कार्यक्रम शुरु भएको सहर्ष जानकारी गराउँदछौं । उक्त कार्यक्रमका बारे तहाँ कार्यालय वा अर्न्तगत तथा ७ वटै प्रदेशमा कार्यरत निजामति कर्मचारीहरुलाई जानकारी पुगोस् भन्नका लागी तहाँ उपलब्ध गराईएका Poster तथा Guidelines हरु पठाई तथा email, website लगायतका अन्य उपयुक्त माध्यमबाट सूचना प्रदान गरी सहयोग गरि दिनु हुन सविनय अनुरोध गर्दछौं ।

सो सम्बन्धी विस्तृत जानकारीका लागि निम्न websites हरु हेर्नु हुन समेत सूचना गरि दिनु हुन सविनय अनुरोध छ ।

MoFAGA Notice for JDS Application: https://www.mofaga.gov.np/news-notice/2481

JDS Website: https://scholarship.jds21.com/nepal/

JDS Facebook: www.facebook.com/nepal.jds211

सहयोगका लागि धन्यवाद ।

भवदीय,

डा माधव प्रसाद सेढाई
Country Program Manager
JDS Project Office
Thapathali, Kathmandu.

JDS 株式会社 日本開発サービス Japan Development Service Co., Ltd.

नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरवार, काठमाडौं

फोन { ४२००५०५ ४२००२९९ ४२००३०६

फ्याक्स नं.: ४२००३२२

पत्र संख्या:- ०७८/७९

चलानी नं.:- 60

मिति: २०७८/०५/२०

**विषय:-JDS (2022) छात्रवृत्तिमा कर्मचारी मनोनयन गर्ने सम्वन्धमा।**

श्री सबै निकाय ।

तपसिल अनुसारको अध्ययन कार्यक्रममा तहाँ मन्त्रालय/निकाय वा अन्तर्गतमा कार्यरत निजामती कर्मचारी मनोनयन गर्ने गरी निजामती सेवा ऐन, २०४९ (संशोधन सहित) को दफा ४० ख (३) बमोजिम गठित समितिको आगामी बैठकबाट अनुमोदन गर्ने गरी यस मन्त्रालयको मिति २०७८/०५/१८ को निर्णयबाट उक्त कार्यक्रममा उपयुक्त उम्मेद्वार मनोनयन गरी मनोनित कर्मचारीको नाम, सम्पर्क नं. र ईमेल ठेगाना आवश्यक कार्यार्थ अर्थ मन्त्रालयको अन्तर्राष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखामा पठाउनुहुन तथा मनोनयन गरिएको कर्मचारीको संकेत नं. समेत उल्लेख गरी सोको जानकारी यस मन्त्रालयमा समेत अनिवार्य रुपमा उपलब्ध गराउने व्यवस्था हुन आवश्यक कार्यार्थ पठाईएको व्यहोरा निर्णायानुसार अनुरोध छ ।

साथै, तालिम तथा अध्ययन कार्यक्रममा उम्मेद्वार मनोनयन गर्दा कार्यक्रमसँग असम्वन्धित व्यक्तिको मनोनयन भई सम्वन्धित संस्थाबाट कन्फर्मेशन नआएमा सो निकायलाई २ पटकसम्म छात्रवृत्तिमा समावेश नगर्ने भनी निर्णय भएको व्यहोरा समेत जानकारीको लागि अनुरोध छ ।

छात्रवृत्तिको मनोनयनमा सम्बन्धित सेवा, समूह र श्रेणीभित्रका समावेशी महिला, आदिवासी/जनजाति, मधेसी, दलित, अपाङ्ग, पिछडिएको क्षेत्र तथा हालसम्म अवसर नपाएका र दुर्गममा सबभन्दा बढी समय काम गरेका आधारमा कर्मचारीहरूलाई समेत प्राथमिकता दिई मनोनयन गर्नुहुन अनुरोध छ । पुनश्च: मनोनयन गरिने कर्मचारीको योग्यता विवरण JDS बाट प्राप्त ब्रोसर तथा उक्त निकायको वेबसाइटबाट समेत प्राप्त गर्न सकिनेछ ।

तपसिल:

| क्र.सं. | अध्ययन/तालिम/ अध्ययन भ्रमण सेमिनारको विषय | सिट संख्या | अवधि/Deadline | अवसर प्रदान गर्ने निकाय | अध्ययन/तालिम वितरण गरिएकानिकाय/ निर्णयको व्यहोरा |
|---|---|---|---|---|---|
| १. | **"The Project for Human Resource Development Scholarship"**<br><br>**PhD** | 2 | **Academic Year 2022/2023 / November 19th, 2021** | **JDS/Japan** | सबै निकायले उपयुक्त निजामती कर्मचारी मनोनयन गर्ने । |
| २ | **"The Project for Human Resource Development Scholarship"**<br><br>**Master's Program** | 20 | **/ Academic Year 2022/2023 / October 11th, 2021** | **JDS/Japan** | |

२०७८.०५.२०

राजन थापा

(शाखा अधिकृत)

बोधार्थ: श्री सूचना प्रविधि शाखा: सं.मा तथा सा.प्र.म., वेबसाइटमा अपलोड गरिदिन हुन ।

# JDS 2022

From the People of Japan

JICA



# THE PROJECT FOR HUMAN RESOURCE DEVELOPMENT SCHOLARSHIP BY JAPANESE GRANT AID

**APPLICATION DEADLINE**
**October 11th, 2021**

## Online Promotion Webinars

**September 06th, Mon**
**September 13th, Mon**
**September 17th, Fri**
**September 18th, Sat**
**September 24th, Fri**

### Applicants should be/have

- Nepali nationals.
- between the ages of 25 and 40 as of April 1st, 2022.
- a Bachelor's degree.
- at least 3 years of work experience in Civil Service at the time of applications.
- gazetted civil servants governed by Civil Service Act of Nepal, currently employed in all ministries, agencies under ministries, constitutional bodies, other institutions and authorities, and courts.
  or civil servants (Level 7 and above) originally recruited by the federal government and deputed/adjusted to 7 provincial and 753 local governments.
- a strong will to work for the development of Nepal after their return home.
- in good health.
- English language proficiency sufficiently fluent for studying in Japan.

Application guidelines & forms
and
Further Information

JDS PROJECT OFFICE

Regus, Ground Floor, Trade Tower, Thapathali, Kathmandu
Phone: 98400 87860, 98400 77544
Email: jdsnepal-2@jds21.com
Website: https://scholarship.jds21.com/
Facebook: www.facebook.com/nepal.jds211



# Doctoral Degree Programme

## 3. ELIGIBILITY

**Applicants should be/have:**

1. Nepali nationals
2. between the ages of **30 and 45** (both inclusive) as of April 1st, 2022. (should be born between April 2nd, 1976 and April 1st, 1992)
3. hold a master's degree (including universities in Nepal).
4. at least 5 years of work experience in Civil Service at the time of application.
5. gazetted civil servants governed by Civil Service Act of Nepal, (Under Secretary and above) currently employed in following organizations
   - All ministries
   - All agencies under ministries
   - All constitutional bodies
   - All other institutions and authorities
   - All courts

   or civil servants (Level 9 and above) originally recruited by the federal government and deputed/adjusted to 7 provincial and 753 local governments.
6. returned to and served for the country for certain years (involving actual work and/or research preparation) set by the Civil Service Act after completion of Master's course.
7. in good health.
8. sufficient English language ability to pursue a doctoral degree

**Applicants should not be/have:**

1. serving in the military.
2. previously acquired a doctoral degree after studying abroad on a scholarship awarded by the Government of Nepal or any other development partners.
3. currently receiving, or planning to receive, another scholarship to acquire a doctoral degree through the assistance by the Government of Nepal or any other development partners.

   * JDS Programme will request applicants to declare whether you would be applying for another scholarship before the final interview again.

# Master's Degree Programme

## 3. ELIGIBILITY

**Applicants should be/have:**

1. Nepali nationals.
2. between the ages of 25 and 40 (both inclusive) as of April 1st, 2022. (should be born between April 2nd, 1981 and April 1st, 1997)
3. a Bachelor's degree. (Those who will apply to Kyushu University have to have a Bachelor's degrees in Law)
4. at least 3 years of work experience in Civil Service at the time of application.
5. gazetted civil servants governed by Civil Service Act of Nepal, currently employed in following organizations
   - All ministries
   - All agencies under ministries
   - All constitutional bodies
   - All other institutions and authorities
   - All courts

   or civil servants (Level 7 and above) originally recruited by the federal government and deputed/adjusted to 7 provincial and 753 local governments.
6. a strong will to work for the development of Nepal after their return home.
7. in good health.
8. English language proficiency sufficiently fluent for studying in Japan.

**Applicants should not be/have:**

1. serving in the military.
2. previously acquired a master's degree after studying abroad on a scholarship awarded by the Government of Nepal or any other development partners.
3. currently receiving, or planning to receive, another scholarship through the assistance by the Government of Nepal or any other development partners. *

   * JDS Programme will request applicants for declare whether you would be applying to another scholarship before the Comprehensive Interview again.

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
(जनशक्ति योजना तथा विकास शाखा)

सूचना नं:

पत्र संख्याः ज.यो.त.वि.शा.३४१-२०७८/२०७९

चलानी संख्याः 62
मितिः २०७८/५/२२

विषय : JDS 2022 छात्रवृत्तिका लागि निवेदन आव्हान ।

जापान सरकारद्वारा नेपाल सरकारका निजामती कर्मचारीहरूलाई उपलब्ध गराइएको देहाय अनुसारको अध्ययन छात्रवृत्ति कार्यक्रममा निजामती सेवा ऐन, २०४९ (संशोधन सहित) को दफा ४० ख (३) बमोजिम गठित समितिको आगामी बैठकबाट अनुमोदन हुने गरी यस मन्त्रालयको मिति २०७८/०५/१८ को निर्णयानुसार सबै निकायका लागि खुला भएकोले यस मन्त्रालय वा अन्तर्गतका निकाय तथा स्थानीय तहमा कार्यरत शाखा अधिकृत वा सो सरह वा सो भन्दा माथिल्लो पदका कर्मचारीहरूमध्येबाट मनोनयन गर्ने निर्णय भएको हुँदा तपसिलको योग्यता पुगेका इच्छुक अधिकृत कर्मचारीहरूले कार्यरत कार्यालयको सिफारिस सहित संलग्न देहाय खुलाई अद्यावधिक व्यक्तिगत विवरण (PIS) सहित विद्यावारिधिका लागि मिति ८ कार्तिक, २०७८ (तदानुसार ८ नोभेम्बर २०२१) र स्नातकोत्तरका लागि मिति १५ असोज, २०७८ (तदानुसार १ अक्टोबर २०२१) भित्र यस शाखामा आईपुग्ने गरी वा यस शाखाको ईमेल **hrd.moga@gmail.com** मार्फत् निवेदन दिनुहुन अनुरोध छ ।

तपसिल:

| क.सं. | अध्ययन/तालीम/ अध्ययन भ्रमणको विषय | सिट संख्या | अवधि / Deadline | कार्यक्रम हुने देश | आवश्यक योग्यता वाअन्य प्रासंगिक विषय | छात्रवृत्ति वितरण गर्न प्रस्तावित निकाय र निर्णयको व्यहोरा |
|---|---|---|---|---|---|---|
| 1. | "The Project for Human Resource Development Scholarship"<br><br>PhD and Master's Program | PhD-2 & Master's Degree-20 | Academic Year 2022/2023 / November 19th(PhD) & October 11th(Master's), 2021 | Japan | • Nepali Nationals computer skills.<br>• Between the ages of 25 and 40 as of April 1st, 2022<br>• At least 3 years of work expression in Civil Service at the time of applications<br>• Gazatted civil servants governed by Civil Service Act of Nepal, currenty employed in all ministries, agencies under ministries, constitutional bodies, other institutions and authorities, and courts<br>• Other qualifications mentioned in the brochure of the JDS | सबै निकायले उपयुक्त निजामती कर्मचारी मनोनयन गर्ने। |

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
(जनशक्ति योजना तथा विकास शाखा)

सूचना नं:

चलानी संख्याः ६२

पत्र संख्याः ज.यो.त.वि.शा.३४१-२०७८/२०७९

## वैयक्तिक विवरण तथा सिफारिस फर्मेट

देहाय

| नाम, थर | पद | सुरु नियुक्ति र हालको पदमा नियुक्ति मिति | हाल कार्यरत निकाय | सेवा/समूह/ उपसमूह | संकेत नं | समायोजन भएको तह | अध्ययन गर्न चाहेको तह, **Priority Component** र विषय | अध्ययन गर्न चाहेको विश्वविद्यालय | हालको शैक्षिक योग्यता/ विषय | ईमेल ठेगाना/ मोवाइल नं |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |

पुनश्चः तोकिएको मिति पछि प्राप्त तथा निर्दिष्ट विवरण संलग्न नभएको निवेदन उपर कुनै कारवाही हुने छैन ।उल्लिखित २ कार्यक्रम मध्ये कुनै १ कार्यक्रम मात्र रोज्न पाइने छ।

२०७८/०१/२२
(राजन थापा )
शाखा अधिकृत

वोधार्थः
श्री सूचना तथा प्रविधि शाखा, सं.मा. तथा सा.प्र.मन्त्रालय : वेबसाइटमा अपलोड गरिदिनुहुन ।